Ref.

**गैरआवासीय नेपाली संघ**
**मासिक प्रतिवेदन - ५**
**फ्रेबुअरी- २०२३**

**'नेपालीका लागि नेपाली'** भन्ने मुलमन्त्रलाई थप बलियो बनाई गैरआवासीय नेपाली संघको अभियानलाई प्रभावकारी बनाउन अभियान जारी छ । लामो समयदेखि संघले उठाउँदै आएका कतिपय मागहरु सम्बोधन भइसकेका छन् र अझै केही मागहरु सम्बोधन हुने क्रममा छन् । संघले नेपाल र नेपालीलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । फ्रेबुअरी महिनामा संघको संशोधित विधान परराष्ट्र मन्त्रालयबाट प्रमाणित भएर आइसकेको छ । संघले यसलाई महत्वपूर्ण उपलब्धि मानेको छ । यस अवधिमा अन्य महत्वपूर्ण गतिविधि समेत सम्पन्न भएका छन् । उक्त गतिविधिको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्दछौं ।

- १ फ्रेबुअरी- २०२३ का दिन संघका अध्यक्ष कुल आचार्यको प्रतिनिधि सभाका सभामुख सम्माननीय देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय गणेश प्रसाद तिमिल्सिनासाग भेटघाट सम्पन्न भयो । सो अवसरमा मुख्यतया गैरआवासीय नेपाली नागरिकता लगायतका विषयमा छलफल भयो । सोही दिन संघका अध्यक्ष कुल आचार्य र नेपाल फिल्म तथा संस्कृति प्रतिष्ठानका प्रतिनिधिबीच भेटघाट भयो । मुख्यतया नेपाली सिने जगतको प्रवर्द्धनका लागि गैरआवासीय नेपाली संघको भूमिका लगायतका विषयमा छलफल भयो ।

- उक्त समयमा कार्यकारी अध्यक्ष रबिना थापाले संघका पूर्व अध्यक्ष शेष घलेसंग भेट गरी एनआरएन मेलमिलाप एवं समसामायिक विषयवस्तुमा छलफल गर्नुभयो । उक्त छलफलपश्चात पूर्व सचिव जानकी गुरुङसंग समेत एनआरएन मेलमिलाप सम्बन्धमा कार्यकारी अध्यक्ष रबिना थापा, डा बद्री केसी र कुल आचार्यले छलफल भयो ।

- ६ फ्रेबुअरी २०२३ मा संघद्वारा टर्कीमा गएको महाभूकम्पबाट निधन भएकाप्रति समवेदना र घाइते भएकाहरु प्रति शिघ्र स्वास्थयलाभको कामना गऱ्यो ।

- १२ फ्रेबुअरी २०२३ का दिन अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय, एनसीसी टर्कीबीच बैठक सम्पन्न भयो । मुख्यतया टर्कीमा आएको भुकम्प, त्यहां रहेका नेपालीहरुको अवस्था लगायतमा छलफल भयो । सोही समय संघको तर्फबाट भूकम्पमा परेकाहरुको सहयोगार्थ ५ हजार डलरको आर्थिक सहयोगको निर्णय भयो ।

- १४ फ्रेबुअरी २०२३ का दिन संघद्वारा टर्कीका राष्ट्रपतिलाई त्यहां गएको महाभूकम्पमा निधन भएकाप्रति श्रद्धाञ्जलीसहित समवेदना पत्र पठाइयो ।

- १८ फ्रेबुअरी २०२३ का दिन राष्ट्रिय स्वतन्त्र पार्टीका पदाधिकारी र संघबीच नागरिकता लगायत समसामायिक विषयमा भर्चुअल रुपमा छलफल सम्पन्न भयो ।

- १९ फ्रेबुअरी २०२३ का दिन संघको स्वास्थ्य समितद्वारा भर्चुअल माध्यमबाट मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा स्वास्थ्य सम्बन्धी विज्ञ तथा विभिन्न मुलुकस्थित गैरआवासीय नेपालीहरुको सहभागिता रह्यो ।

- २० फ्रेबुअरी २०२३ का दिन संघको पर्यटन प्रवर्द्धन समिति र युरोप नेपाल चेम्बर कमर्शको संयुक्त आयोजनामा नेपालको पर्यटन प्रवर्द्धन सम्बन्धमा एक कार्यशाला सम्पन्न भयो । पर्यटन मन्त्री सुदन किरांतीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पर्यटन क्षेत्रसंग सरोकार राख्ने विज्ञ तथा संघसंस्थाको सहभागिता रह्यो ।

- २२ फ्रेबुअरीका २०२३ का दिन आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओम)द्वारा आयोजना गरिएको डायस्पोरा म्यापिङ्ग सम्बन्धी छलफल कार्यक्रममा संघको सहभागिता रह्यो ।

- २६ फ्रेबुअरीका २०२३ का दिन संघको संशोधित विधान २०२२ परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण भयो । सोही दिन गैरआवासीय नेपाली संघ महिला विभागको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलको आयोजनामा अफ्रिका क्षेत्रीय स्वास्थ्य सचेतना र सल्लाह कार्यक्रम सम्पन्न भयो ।

- २७ फ्रेबुअरी २०२३ का दिन पर्यटन मन्त्रीद्वारा आयोजना गरिएको छलफल कार्यक्रममा संघका प्रवक्ता तथा पर्यटन प्रवर्द्धन समितिका संयोजक सोम सापकोटाको सहभागिता रह्यो । संघका तर्फबाट प्रवक्ता सापकोटाले नेपालको पर्यटन क्षेत्रलाई डायस्पोरासाग जोड्न चाल्नुपर्ने सरकारी कदम, योजना, रणनीति र त्यसमा संघको भूमिका सम्बन्धमा धारणा राख्नुभयो ।

- फेब्रुअरी महिनामै कार्यकारी अधिकृत रबिना थापाले एनसीसी अमेरिकाद्वारा आयोजित नागरिकता निरन्तरताको लागि सचेतना कार्यक्रममा सहभागिता जनाउनुभयो । साथै बाल्टिमोर एशोसियसन अफ अमेरिकाको कार्यक्रममा सहभागि भई अध्यक्ष थापाले त्यहाा नेपाली भाषा कक्षाको औपचारिक सुरुवात समेत गर्नुभयो ।

| | | |
|---|---|---|
| कार्यकारी अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| रबिना थापा | डा. बद्री केसी | कुल आचार्य |